गाउँसभाको मिति २०८३ असार ५ गते शुक्रबार बैठकमा

अध्यक्ष श्री सन्त बहादुर घले (तामाङ) ज्यूद्वारा प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८३/८४ को

# नीति तथा कार्यक्रम

सूर्यगढी गाउँपालिका
नुवाकोट जिल्ला
बागमती प्रदेश
२०८३ असार ५

**सभामुख/उपाध्यक्षज्यू,**

गाउँ सभाका आदरणीय वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, सञ्चारकर्मी मित्रहरू तथा सम्पूर्ण आदरणीय सूर्यगढीवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू !

यस गरिमामय सभामा गाउँपलिकाको अध्यक्षको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।

यस सूर्यगढी गाउँपालिकाको दोस्रो कार्यकालको पाँचौं वर्षको रुपमा आगामी आर्थिक वर्ष २०८३-८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा मैले आफूलाई भाग्यमानी ठानेको छु।

यो मेरो नीति तथा कार्यक्रम दशौं वर्षमा प्रवेश गर्दैछ। वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा यस क्रममा विभिन्न सुझाब दिनु हुने समपूर्ण आमा बुवा, दाजु भाई, दिदीबहिनीहरु, लगायत सबैलाई धन्यवाद दिन चाहान्छु।

सर्वप्रथम, नेपालको राजनीतिक परिवर्तन, लोकतन्त्र स्थापना, सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्ति र सामाजिक न्यायका लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरूमा आफ्नो अमूल्य जीवन आहुति दिनुहुने सम्पूर्ण ज्ञात-अज्ञात महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, राष्ट्र र जनताको मुक्तिका लागि सङ्घर्ष गर्ने क्रममा घाइते, अपाङ्ग तथा बेपत्ता हुनुभएका सम्पूर्ण योद्धाहरूको उच्च सम्मान गर्दै उहाँहरूको त्याग र बलिदानको स्मरण गर्न चाहन्छु।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित कानुनले स्थानीय तहलाई प्रदान गरेको अधिकार, जिम्मेवारी र दायित्वलाई आत्मसाथ गर्दै आज यस गरिमामय गाउँ सभामा उपस्थित हुन पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। हामीलाई विश्वास गरेर विकास, सुशासन र समृद्धिको अभिभारा सुम्पनुहुने सम्पूर्ण सूर्यगढीवासी जनसमुदायप्रति म हृदयदेखि नै हार्दिक आभार व्यक्त गर्दछु।

**आदरणीय सभासदज्यूहरू,**

यस नीति तथा कार्यक्रमको मूल उद्देश्य उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्दै सूर्यगढी गाउँपालिकाको सन्तुलित, समावेशी, दिगो विकास गर्नु हो। सुन्दर, शान्त, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने दृढ संकल्प र आम गाउँवासीको चाहनालाई मूर्तरूप दिन बिगतका आर्थिक वर्षदेखि नै विभिन्न रणनीतिहरू अवलम्बन गरिँदै आइएको छ। यस कार्यलाई आर्थिक बर्ष २०८३-८४ को नीति तथा कार्यक्रम पनि अभिमुख गरेका छौं। यस अन्तर्गत कृषिको आधुनिकीकरण, व्यवसायीकरण

र पर्यटन प्रवर्द्धनमार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ गरी गाउँपालिकाभित्रै रोजगारीका अवसरहरू सिर्जना गर्ने; शिक्षा, स्वास्थ्य र सरसफाइ जस्ता आधारभूत आवश्यकतामा सबै नागरिकको समान र सहज पहुँच सुनिश्चित गरी मानव विकास सूचकांकमा सुधार ल्याउने; तथा सडक, खानेपानी, विद्युत् र सञ्चार जस्ता भौतिक पूर्वाधारहरूको दिगो विकास गर्ने लक्ष्य राखिएको छ। साथै, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित समुदायको सशक्तीकरणमार्फत सामाजिक न्याय कायम गर्ने, विद्युतीय सुशासन प्रवर्द्धन गरी स्थानीय सरकारको सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाउने, र प्राकृतिक स्रोत-साधनको संरक्षण गर्दै विपद् जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउने कुरालाई यस नीति तथा कार्यक्रमले आफ्नो प्रमुख गन्तव्यको रूपमा स्वीकार गरेको छ।

**विद्यमान परिवेशः राजनीतिक, आर्थिक, सामाजिक तथा प्रशासनिक अवस्था**

हाम्रो देशको भूपरिवेष्ठित अवस्था र राष्ट्रिय अर्थतन्त्रमा देखिएको उतारचढावको प्रभावबाट हाम्रो सूर्यगढी गाउँपालिका पनि अछुतो छैन। हाम्रा गाउँबस्तीहरू विकट पहाडी भूगोलमा छरिएर रहेका छन्। जसले गर्दा शिक्षा, स्वास्थ्य, सडक र खानेपानी जस्ता आधारभूत पूर्वाधारहरू गाउँवासीको घरदैलोसम्म पुऱ्याउन हामीले भौगोलिक जटिलता र उच्च लागतको सामना गर्नु परिरहेको छ। यस अवस्थाले हाम्रा नागरिकको दैनिकी र जीविकोपार्जनलाई कति कष्टकर बनाएको छ भन्ने यथार्थप्रति स्थानीय सरकार पूर्ण रूपमा जानकार र संवेदनशील छ। अर्कोतर्फ, राष्ट्रिय राजनीतिमा बेलाबेलामा देखिने अस्थिरता र त्यसले ल्याउने नीतिगत विचलनले संघीय र प्रदेश सरकारका विकास लक्ष्यहरू प्रभावित हुँदा, त्यसको प्रत्यक्ष मारमा हाम्रा गाउँवासी नै परेका छन्। राष्ट्रिय स्तरमै राजस्व संकलनमा आएको संकुचनका कारण संघ र प्रदेश सरकारबाट हामीलाई प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको रकममा यस वर्ष पनि भारी कटौती हुने निश्चित छ। आन्तरिक आयका सीमित स्रोतहरू मात्र भएको हाम्रो जस्तो गाउँपालिकाका लागि यो एउटा गम्भीर वित्तीय चुनौती हो, जसले गाउँवासीका थुप्रै सपना र हाम्रा विकास योजनाहरूमा अवरोध सिर्जना गरेको छ।एकातिर स्रोतसाधनको चरम अभाव छ भने अर्कोतिर वर्षौंदेखि विकासको पर्खाइमा रहेका सूर्यगढीवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूका न्यूनतम आवश्यकता र न्यायोचित अपेक्षाहरूको ठूलो चाङ छ। सीमित बजेटको परिधिभित्र रहेर नागरिकका जायज चाहना र गाउँपालिकाको क्षमता बीचको खाडल पुर्नुपर्ने अत्यन्तै चुनौतीपूर्ण अवस्थामा हामी छौं। उपलब्ध सीमित स्रोत-साधनको चुहावट रोक्दै, त्यसलाई सीधै जनताको जीवनस्तर उकास्ने क्षेत्रमा पारदर्शी ढंगले परिचालन गर्न हामी प्रतिबद्ध छौं। सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज र आम सूर्यगढीवासीको अटुट साथ र सहकार्यमा यी तमाम चुनौतीहरूलाई विश्लेषण गर्दै, तिनको दिगो र व्यावहारिक समाधान खोज्ने प्रतिबद्धता व्यक्त गदर्छु र यस कार्यको लागी, सम्पूर्ण जनप्रतिनिधी साथीहरु, कर्मचारी मित्रहरू, नागरीक समाज, राजनैतिक दलको मित्रहरू तथा सूर्यगढी गाउँपालिकाको दाजुभाई, दिदीबहिनी लगायत सम्पुर्ण आम नागरिकको साथ र सहयोगको अपेक्षा गरेको छु।

**उपस्थित समपुर्ण महानुभावहरुः**

स्थानीय सरकार सञ्चालनको अभ्यास सुरु भएदेखि हालसम्म आइपुग्दा सूर्यगढी गाउँपालिकाले विकास र समृद्धिको दरिलो आधारशिला खडा गरिसकेको छ। विगतका सुरुवाती नीति, कार्यक्रम तथा बजेटहरू मुख्यतया संस्थागत संरचना निर्माण, आवश्यक ऐन-कानुनको तर्जुमा, सडक सञ्जालको पहुँच विस्तार, र प्रत्येक वडामा आधारभूत स्वास्थ्य तथा शिक्षा पुऱ्याउने जस्ता पूर्वाधार निर्माणमा केन्द्रित रहेका थिए। पछिल्ला वर्षहरूमा विनियोजित बजेटले ती पूर्वाधारहरूको स्तरोन्नति, कृषिको व्यवसायीकरण, लक्षित वर्गको सशक्तीकरण र प्रशासनिक सुशासनलाई प्राथमिकतामा राख्दै आएको छ। सीमित स्रोत-साधन र बढ्दो जनअपेक्षाका बीच पनि विगतका बजेटहरूले गाउँपालिकाको समग्र विकासमा महत्त्वपूर्ण इँटा थप्ने काम गरेका छन्। संघिय लोकतान्त्रिक गणतन्त्रामक शासन व्यवस्थाको आत्मसाथ गर्दै, अब म यस सूर्यगढी गाउँपालिकाको हालसम्मको संक्षिप्त समिक्षा गर्ने अनुमती चाहान्छु ।

**सूर्यगढी गाउँपालिकाः समग्र क्षेत्रहरूको हालसम्मको उपलब्धि तथा कार्यप्रगति विवरण**

स्थानीय सरकार सञ्चालनमा आएदेखि हालसम्म सूर्यगढी गाउँपालिकाले "सुन्दर, शान्त, समुन्नत र समृद्ध सूर्यगढी" निर्माणको दीर्घकालीन सोचलाई केन्द्रमा राखेर विभिन्न चुनौतीपूर्ण अवस्था र सीमित स्रोतसाधनका बाबजुद महत्त्वपूर्ण कार्यहरू सम्पादन गरेको छ।

**१. पूर्वाधार विकास क्षेत्रः**

- सुरुवाती दिनहरूको सीमित स्रोतसाधनबीच एउटा कोठा र कुर्सीबाट सेवा सुरु गरेको यस गाउँपालिकाले आज आफ्नै प्रमुख प्रशासकीय भवन निर्माण सम्पन्न गरी नागरिकलाई सहज र व्यवस्थित सेवा प्रवाह गर्न सक्षम भएको छ, जसले हाम्रो निरन्तरको विकास र प्रगतिलाई प्रतिविम्बित गर्दछ । यो हाम्रो संस्थागत सुदृढीकरण र सबल सेवा प्रवाहको एक महत्त्वपूर्ण ऐतिहासिक उपलब्धि हो ।
- गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयहरू जोड्ने सडकहरूको ट्र्याक खोल्ने कार्य सम्पन्न भई ती सडकहरूको स्तरोन्नति (ग्राभेल, नाली निर्माण र ढलान) गर्ने कार्य तीव्र रूपमा अघि बढेको छ। बाह्रै महिना यातायात सञ्चालन गर्न सक्ने गरी मुख्य सडकहरूको मर्मतसम्भार नियमित गरिएको छ।
- वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका ५ लाख भन्दा माथिका योजनाहरुमा गाउँपालिका स्तरिय अनुगमन तथा मूल्याङ्कन गरिएको छ।
- विगतका वर्षहरूमा गाउँपालिकाको प्रमुख प्राथमिकता सडक सञ्जाल विस्तारमा रहेको थियो। जसको फलस्वरूप गाउँपालिकाको केन्द्रदेखि सबै वडा र अधिकांश टोलहरूसम्म सडकको ट्र्याक खोल्ने कार्य लगभग १८७ कि.मि. सम्पन्न भएको छ।
- पुराना सडकको स्तरोन्नति तथा मर्मत सम्भार कार्य ८४ कि.मि. भएको छ।
- कालोपत्र तथा ढलान पक्की सडक २१.८ कि.मि. भएको छ ।

- गाउँपालिका तथा वडा कार्यलय सहित सार्वजनिक तथा सामुदायीक भवनहरु ३६ वटा निर्माण भएको छ।
- पैदल यात्रीको लागि १३.७ कि.मि. पक्की छिडी निर्माण गरिएको छ।
- साँस्कृतिक मुल्य मान्यताका मठ मन्दिर, चर्च, गुम्बा तथा मरनपाटी गरी १८७ वटा र बागेश्वरी मन्दिर, शिवालय मन्दिर, कालिका मन्दिर गरी पुरातात्विक सम्पदाको ६ वटा मन्दिर निर्माण गरिएको छ।
- कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउन विभिन्न कुलो तथा सिँचाइ आयोजनाहरू १४.८ कि.मि. निर्माण र मर्मतसम्भार गरिएको छ।
- सडक बत्ती निर्माण गर्ने क्रममा ३८ वटा स्थानहरुमा सोलार बत्तीको जडान गरिएको छ।

## २. सामाजिक विकास क्षेत्रः

- यस क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी र लक्षित वर्गका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। विगतमा विद्यालय र स्वास्थ्य चौकीका भौतिक भवनहरू निर्माण गर्ने कार्यमा ठूलो लगानी भएको छ र यसमा हामीले राम्रो सफलता पनि प्राप्त गरेका छौं। आधारभूत स्वास्थ्य सेवा र खोप कार्यक्रमहरूमा जनताको पहुँच बढेको छ।
- एक घर एक धारा भन्ने मुल नाराका साथ हालसम्म २७४९ घरधुरीमा खानेपानीको व्यवस्था गरिएको छ।
- शैक्षिक गुणस्तर कायम गर्न र विद्यालयहरुमा आइपर्ने विभिन्न समस्याहरुको समाधान गर्नको निमित्त प्रधानाध्यापक र शिक्षकहरुलाई उचित तालिमको व्यवस्था गरिएको।
- बालविकास सहजकर्ता, सहयोगी र विद्यालय कर्मचारीलाई गाउँपालिकाबाट थप तलबको व्यवस्था गरिदै आईरहेका छौं।
- २०७४ साल देखि हालसम्म विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई अर्को विद्यालयमा मर्ज गरी शिक्षकहरुको दरबन्दी व्यवस्थापन गरिएको छ।
- ICT Lab, विज्ञान प्रयोगशाला र पुस्तकालय अनुदान न्योचित वितरण गरी सबै सामुदायिक माध्यमिक विद्यालयहरुलाई उपलब्ध गराई सूचना प्रविधिमा सक्षम बनाइएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागी समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम सञ्चालन गरिदै आइरहेका छौं।
- सामुदायिक विद्यालयहरुमा बाल क्लब गठन तथा अभिमुखिकरण कार्यक्रमहरु गरिएको।
- आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम मार्फत मासिक रु. २०००।- वितरण गरिदै आएको छ।
- बाल विवाह अन्त्यका लागी समुदाय तथा विद्यालयमा सचेतना कार्यक्रमहरु सञ्चालन गरिएको छ।
- न्यायिक समितिमा परेका निवेदनहरुको मेलमिलापका माध्यमबाट समाधान गरिएको छ।
- मेलमिलापकर्ताको लागी आधारभूत तालिमको व्यवस्थापन गरिएको छ।

- विश्व ब्यापिरुपमा फैलिएको कोरोना भाईरस नियन्त्रण गर्न, सर्न नदिन र सावधानी अपनाउनको लागि १०/१० शैयाको को २४ औ घण्टा सेवा संचालन हुनेगरि सूर्यगढी-३ बागेश्वरी मा.वि. र सूर्यगढी-४, हल्देकालिका स्वास्थ्य चौकीमा आइसोलेसन अस्पताल संचालन गरि ठाउँ ठाँउमा क्वारेन्टाइनको व्यवस्था गरि थप नियन्त्रको लागि दिर्घरोगिहरुलाई गाउँपलिकाले आफैले थप जिम्मेवारी वहन गरि निशुल्क २ महिना सम्म औषधि विवरण गरिदै आएका छौं।
- एकिकृत स्वास्थ्य शिविर कार्यक्रम संचालन गरि ३५०० भन्दा माथि जनसंख्याहरुलाई सेवा प्रवाह गरिएको छ।
- पोषण अवस्था सुधारको लागि गर्भवती महिलाहरुलाई संस्थामा गर्भजाँच गर्न आए वापत प्रत्येक बर्ष अण्डा वितरण गर्दै आईरहेको र गर्भवतीहरुलाई सम्बन्धित स्वास्थ्य संस्थाहरुमा गएर भिडियो X-ray सेवा संचालन गर्दै आईरहेको छौं।
- समुदायको स्वास्थ्य सुरक्षालाई मध्ये गर्दा पालिकाले एम्बुलेन्स खरिद गरि न्युन भाडादरमा सेवा संचालन गर्दै आईरहेको छौं।
- सूर्यगढी वडा नं.-२ कुवापानी डाँडा खर्कमा कुवापानि आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गरि संचालन गर्दै आईरेहको छौं।
- पालिका अन्तर्गतको दिर्घरोगीहरुको लागी निःशुल्क रुपमा अक्सिजन सहित सिलिण्डर र कन्सनट्रेटर वितरण गर्दै आईरहेको छौं।
- गाउँपालिकालाई पुर्णखोप घोषणा र खुल्ला दिशा पिसाव मुक्त क्षेत्र घोषणा गरिएको छ।
- असहाय तथा एकल पुरुषहरुका लागी एकल पुरुष भत्ता वितरण कार्य गरिदै आईरहेका छौं।

## ३. आर्थिक विकास क्षेत्र (कृषि, पशुपालन, पर्यटन र सहकारी)ः

- रोजगार सेवा केन्द्र अन्तर्गत यस गाउँपालिका भित्र सामुदायिक पूर्वाधार निर्माण, शिक्षा तथा खेलकुद पूर्वाधार, पर्यटन प्रवर्द्धन, सिँचाई, कुलो तथा सडक मर्मत, सोलिङ, ग्राउण्ड तथा भवन निर्माण लगायतका विभिन्न प्रकारका आयोजना सञ्चालन गरी रोजगारी प्रदान गरिएको छ।
- धान तथा आलु पकेट कार्यक्रम, रैथाने बाली प्रबर्धन कार्यक्रम, उन्नत जातको मकैको बिउ बितरण कार्यक्रम अन्तरगत धान, मकै, कोदो, भटमास, फापर, आलु बितरण साथै यान्त्रिकीकरण वितरण गरिएको छ।
- बेमौसमी तरकारीको विउ वितरण तथा बालिनालीको लागि विषादी वितरण गरिएको छ ।
- बाली उपचार शिविर सञ्चालन गरी कृषकको खेतमै रोग, कीरा तथा पोषण समस्या पहिचान गरी तत्काल प्राविधिक सेवा प्रदान गरिएको छ।
- माटो परीक्षण शिविर तथा कृषि चुना वितरण कार्यक्रममार्फत माटोको उर्वराशक्ति सुधार तथा सन्तुलित मल प्रयोगलाई प्रवर्द्धन गरिएको छ।

- साना सिँचाइ, प्लास्टिक पोखरी निर्माण तथा पम्पसेट वितरण मार्फत सिँचाइ सुविधा विस्तार गरी सिँचित क्षेत्र वृद्धि गरिएको छ।
- साल्ट ट्रेडिङ कर्पोरेसेन/ कृषि सामाग्री कम्पनी लिमिटेडबाट प्राप्त रासायनिक मल आवश्यकता अनुसार क्षेत्र पहिचान गरी वितरण गरिएको छ।
- पशु स्वास्थ्य उपचार सेवाः पशु स्वास्थ्य सेवा अन्तर्गत वार्षिक रूपमा करिब ३,००० देखि ५,००० सम्म पशुपन्छीहरूलाई प्रत्यक्ष उपचार, आकस्मिक सेवा तथा प्राविधिक परामर्श उपलब्ध गराइएको छ।
- उत्पादनमा आधारित दूध अनुदानः दुग्ध उत्पादनमा आत्मनिर्भरताका लागि आर्थिक वर्ष २०७९/८० देखि हालसम्म सहकारीमार्फत बिक्री भएको दूधमा प्रतिलिटर रु. ५ का दरले अनुदान वितरण भइरहेको र यसबाट वार्षिक रूपमा ३५० जना दुग्ध उत्पादक कृषकहरू प्रत्यक्ष लाभान्वित भइरहेका छन ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः**

- विपन्न घर परिवार आवास निर्माण कार्यक्रम मार्फत लक्षित समुदायको छनौट गर्दै ५४ वटा घरहरु निर्माण गरिएको छ।
- सूर्यगढी गाउँपालिका भित्र रहेका ७०९ जोखिम युक्त घर तथा वस्तीहरुलाई संरक्षण गरिएको छ।
- विपद्को समयमा उद्धार र राहत वितरण गरिदै आईरहेका छौं।

**५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रः**

- बिगतका घटना दर्ता, राजस्व सङ्कलन र पञ्जीकरणका कार्यहरू किताबमा मात्र सिमित रहेका थिए, हाल अनलाइन प्रणाली मार्फत सेवा प्रवाह गरिएको छ।
- हिडडुल गर्न नसक्ने ज्येष्ठ नागरिकहरुको लागी प्रत्येक वडाहरुमा गई सामाजिक सुरक्षा भत्ता वितरण गरिदैआईरहेका छौं।
- जनप्रतिनिधिहरू र कर्मचारीहरूको क्षमता वृद्धी गराउन समय-समयमा अभिमुखीकरण, गोष्ठी र तालिमहरूको आयोजना गरिएको छ।
- विद्युतीय शासन लाई बढावा दिन अनलाइन प्रणालीहरूको स्थापना, जस्तैः सूत्र प्रणालीमार्फत पारदर्शी बजेटिङ र लेखांकन गरिएको छ।
- गाउँपालिकाको कार्यसम्पादनलाई व्यवस्थित र कानुनी रूपमा सुदृढ बनाउन आवश्यक पर्ने स्थानीय ऐन, नियम, निर्देशिका र कार्यविधिहरूको तर्जुमा तथा प्रमाणीकरण गरिएको छ।

- सेवाग्राहीलाई सहज रूपमा सेवा दिन गाउँपालिकाको प्रशासकीय भवन तथा सबै वडा कार्यालयहरूको भौतिक पूर्वाधार निर्माण, मर्मत र व्यवस्थापन गर्ने कार्यहरुको लागि भाडामा समेत व्यवस्था गरिएको छ।

**उपस्थित समपुर्ण महानुभावहरुः**

विगतका वर्षहरूको गहन समीक्षा र हाम्रो वर्तमान वस्तुस्थितिको यथार्थपरक मूल्याङ्कन पश्चात्, अब म सूर्यगढी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ का लागि तयार पारिएको विषयगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न गइरहेको छु।

यस वर्ष हामीले नयाँ र महत्त्वाकाङ्क्षी योजनाहरू भन्दा पनि अधुरा कामलाई पूर्णता दिने, गुणस्तर बढाउने र जनताले प्रत्यक्ष अनुभूत गर्ने खालका व्यावहारिक कार्यक्रमहरूलाई प्राथमिकतामा राखेका छौं।

## आर्थिक वर्ष २०८३/८४ का लागि क्षेत्रगत नीति तथा कार्यक्रमहरू:

### १. पूर्वाधार विकासः "दिगो पूर्वाधार, समृद्धिको आधार"

नयाँ सडक खन्ने भन्दा भएका सडकलाई बाह्रै महिना चल्ने बनाउन र गुणस्तरीय संरचना निर्माण गर्न पूर्वाधार क्षेत्रमा निम्न नीति लिइनेछः

- सडकको स्तरोन्नतिः गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालय जोड्ने मुख्य सडकहरूलाई ग्राभेल र सम्भाव्य स्थानमा कालोपत्रे/ढलान गर्न प्राथमिकता दिइनेछ।
- अधुरा आयोजनाको पूर्णताः विगतका वर्षहरूमा सुरु भई सम्पन्न हुन नसकेका भवन, खानेपानी, र सिँचाइका क्रमागत आयोजनाहरूलाई यसै वर्ष सम्पन्न गर्ने गरी स्रोत सुनिश्चित गरिनेछ।
- मर्मतसम्भार कोषः निर्माण सम्पन्न भएका सडक, खानेपानी र अन्य संरचनाहरूको दिगोपनका लागि एक छुट्टै 'पूर्वाधार मर्मतसम्भार कोष खडा गरिनेछ।
- उज्यालो सूर्यगढीः गाउँपालिकाका मुख्य चोक र सार्वजनिक स्थलहरूमा सौर्य बत्ती (Solar Street Light) जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- बाह्रै महिना चल्ने सडकः अब नयाँ ट्र्याक खनेर डाँडाकाँडा भत्काउने होइन, खनिसकिएका सडकहरूमा बाह्रै महिना एम्बुलेन्स र गाडी चल्न सक्ने गरी ग्राभेल, नाली निर्माण र ढलानलाई पहिलो प्राथमिकता दिइनेछ।
- पानी बोक्ने दिनको अन्त्यः "एक घर, एक धारा" अभियानलाई तिव्रगतिमा अघि बढाइनेछ। पानी बोक्न खर्च हुने आमा-दिदीबहिनीहरूको समयलाई करेसावारी र आयआर्जनसँग जोडिनेछ।

- सडक सञ्जालः गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयहरू जोड्ने सडकहरूको ट्र्याक खोल्ने कार्य सम्पन्न भई ती सडकहरूको स्तरोन्नति (ग्राभेल, नाली निर्माण र ढलान) गर्ने कार्य तीव्र रूपमा अघि बढेको छ। बाह्रै महिना यातायात सञ्चालन गर्न सक्ने गरी मुख्य सडकहरूको मर्मतसम्भार नियमित गरिनेछ।
- सूर्यगढी गाउँपालिकामा संचालित ड्वाँचे खानेपानी कार्यक्रमलाई विस्तार गर्न जोड दिईनेछ । यस बाहेकका वडा नं. १ देखि ५ सम्म खानेपानीको समस्यालाई समाधान गर्नको लागि स्थानीय परम्परागत मूल, पधेंरा, कुवा आदि संरक्षण गरी एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षमा थप ७०० घरधुरी लाई पुग्ने गरी पिउने पानीको आवश्यक व्यवस्था मिलाइनेछ।
- धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनमा विशेष जोड दिइनेछ।
- अपुरा रहेका ठुला सिंचाई आयोजनाहरुलाई निर्माणको लागि प्रदेश तथा संघिय सरकार संग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- सूर्यगढी गाउँपालिकाको पालिका केन्द्रमा एकीकृत पूर्वाधार विकास कार्यक्रम लागु गरी पुरातात्विक विभागको अवधारणा अनुसार प्रतिक्षालय निर्माण, आरामदायी पार्क, सार्वजनिक शौचालय, व्यायाम स्थल, चिल्ड्रेन पार्क आदि निर्माण गरिनेछ।
- नुवाकोट बागेश्वरी उर्लेनी सडक कालोपत्रे कार्यलाई निरन्तरता दिन आवश्यक कदम चालिने छ।
- दार्मे चोकदे बागेश्वरी कुवापानी रसुवा जोड्ने सडकको लागी आवश्यक रकम विनियोजन गर्न पहल गरिनेछ।

## <u>२. सामाजिक विकासः "गुणस्तरीय शिक्षा र स्वास्थ्य, हाम्रो सङ्कल्प"</u>

भौतिक भवनको निर्माण मात्र नभई अबको हाम्रो लगानी मानव पुँजी विकास र सेवाको गुणस्तरमा केन्द्रित हुनेछः

**<u>शिक्षातर्फः</u>**

- "हाम्रो विद्यालय, राम्रो विद्यालय" अभियान सञ्चालन गरी सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर मापन र सुधारका लागि कार्यसम्पादन सम्झौता गरिनेछ।
- प्राविधिक र व्यावसायिक शिक्षा (जस्तैः कृषि, कम्प्युटर) लाई जोड दिँदै विद्यालयहरूमा ई-लाइब्रेरी र कम्प्युटर ल्याबको व्यवस्था गरिनेछ।
- गरिबका छोराछोरीले पढ्ने सरकारी स्कुलको दयनीय अवस्था र राम्रो शिक्षाका लागि गाउँ छोडेर सहर पस्नुपर्ने बाध्यतालाई कमि गर्दै लगिनेछ।

- छोरी-बुहारी र विपन्नलाई शिक्षाः पैसा नभएर बिचमै पढाइ छाड्न बाध्य विपन्न विद्यार्थी तथा प्राविधिक शिक्षा (कृषि, नर्सिङ आदि) पढ्न चाहने जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ।
- सामुदायिक विद्यालयहरूको भौतिक संरचना सुधार गर्दै अङ्ग्रेजी माध्यम, प्रविधिमैत्री कक्षा र व्यावहारिक सिकाइमा जोड दिइनेछ।
- सूर्यगढी गाउँपालिकामा भित्र एक मात्र सामूदायिक क्याम्पस **सूर्यगढी सामूदायिक क्याम्पस** रहेको र यस क्याम्पसमा प्राय गरेर छोरी बुहारी अध्ययन गर्ने देखिएकोले सो कुरालाइ ध्यानमा राखी स्थाई प्राध्यापकहरु नभएकोले वार्षिक एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ।
- सामुदायीक विद्यालयहरुमा छात्राहरुलाई निशुल्क सेनेटरी प्याड कार्यक्रम निरन्तरता दिईनेछ ।

<u>स्वास्थ्यतर्फः</u>

- गाउँपालिका भित्रका सबै स्वास्थ्य चौकीहरूमा २४ सै घण्टा प्रसूति सेवा र आधारभूत औषधिको अभाव हुन नदिने नीति कडाइका साथ लागु गरिनेछ।
- "ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि घरदैलो स्वास्थ्य परीक्षण" कार्यक्रम सञ्चालन गरिनेछ।
- लक्षित वर्ग र समावेशीकरणः सीमान्तकृत समुदाय, महिला, र युवाहरूलाई परम्परागत तालिमको साटो बजारको माग अनुसारको सीपमूलक तालिम (जस्तैः प्लम्बिङ, इलेक्ट्रीसियन, ब्युटिपार्लर) प्रदान गरी प्रविधि र औजारसहित बीउ पुँजी (Seed Money) उपलब्ध गराइनेछ।
- गाउँमै डाक्टर, गाउँमै उपचारः स्वास्थ्य चौकीहरूमा जीवनजल र सिटामोल मात्र होइन, अत्यावश्यक सबै औषधि र दक्ष स्वास्थ्यकर्मीको चौबीसै घण्टा उपलब्धता सुनिश्चित गरिनेछ। दीर्घरोगी र अस्पताल पुग्न नसक्ने ज्येष्ठ नागरिकहरूको घर-आँगनमै पुगेर मासिक निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ।
- सुरक्षित मातृत्व र पोषणः "सुत्केरीलाई स्याहार, शिशुलाई आहार" कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामै सुत्केरी हुने आमाहरूलाई पोषण भत्ता र घर फर्कन निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँघर क्लिनिक कार्यक्रमलाई अझै व्यवस्थित तरिकाले ५ वटै वडामा निरन्तर रुपमा सञ्चलन गरिनेछ।
- जिल्ला सामुदायिक आँखा केन्द्र, रेडक्रस नुवाकोट तथा तिलगंगा आँखा अस्पतालसँग समन्वय गरी यस गाउँपालिकामा स्थापना गरिएको ग्रामीण आँखा केन्द्रलाई अझै व्यवस्थित र प्रभावकारी रुपबाट सञ्चालनमा ल्याइनेछ। यसको लागि गाउँपालिका र सम्बन्धित संस्था बिच नियमित समन्वय र सहकार्य गरिनेछ।

- यस गाउँपालिकामा निर्माण १० शैयाको अस्पतालको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरी अस्पताल संचालन गरिनेछ।
- महिलाहरुको आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर परिक्षणलाई प्राथमिकताका साथ परिक्षण गर्ने कार्यलाई निरन्तरता गरिनेछ।
- गर्भवती महिलालाई घरमै सुत्केरी गराउँदा आमा तथा बच्चाको जीवन जोखिममा पर्ने समस्यालाई निरुत्साहीत गर्न स्वास्थ्य संस्थामा सुत्केरी गराउँदा न्यानो झोला, यातायात खर्चको साथै सुत्केरीका लागि पोषणयुक्त विषेश खाद्य सामग्रि वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गर्भवती महिलाको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य संस्थामा नियमित रुपमा गर्भ जाँच गर्न प्रोत्साहन स्वरुप गर्भवती महिलाहरुलाई अण्डा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- नियमित खोप र पालिका स्तरिय पूर्णखोप सुनिश्चितता तथा दिगोपना खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणतर्फ</u>**

- महिला सशक्तिकरणको लागि आवश्यक तालिम, अभिमुखिकरण गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष व्यवस्था गरिनेछ।
- गाउँपालिका स्तरिय महिला समन्वय समिति मार्फत सीपमुलक तथा आयमुलक गतिविधिहरु सञ्चालनमा जोड दिइनेछ।
- लैङ्गिक हिंसा अन्त्यको लागि विविध कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- महिलाहरुलाई समान अवसर तथा समान ज्याला वितरणमा प्रोत्साहान गरिनेछ।
- बाल बिवाह, बहु बिवाह तथा मानव बेचबिखन विरुद्ध सचेतना कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ।
- सामुदायिक विद्यालयमा अध्ययन गर्ने दलित विद्यार्थीहरुको लागि आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- परम्परागत हातहतियार तथा औजार निर्माणको लागि सिपमुलक तालिमको व्यवस्थापन र सुधारीएको आरन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- समुदायमा आधारित अपाङ्गहरुको लागि परिचयपत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**<u>लक्षित (आदिवासी जनजाती, सिमान्तकृत, अल्पसंख्यक, विपन्न नागरिक) वर्गतर्फ</u>**

- यस गाउँपालिका भित्र भएका अति विपन्न नागरिकहरुको पहिचान गरी उनीहरुको सुरक्षित आवशको सुचिश्चितताको लागि विपन्न नागरिक घर निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- लक्षित वर्गको सीप तथा क्षमता बृद्धिको लागि विभिन्न किसिमका सिपमुलक र आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- लक्षित वर्ग अन्तरगतको बालबालिकाको लागि विशेष छात्रवृतिको व्यवस्था गरिनेछ।

**३. आर्थिक विकास (कृषि, पशुपालन र पर्यटन): "उत्पादनमा वृद्धि, गाउँमै रोजगारी"**

**कृषी तथा पशुपालन**

- कृषिलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउन र स्थानीय आय बढाउन निम्न नीतिहरू अवलम्बन गरिनेछ:
- एक वडा, एक उत्पादन: माटो र हावापानीको सम्भाव्यता हेरी प्रत्येक वडामा विशिष्टीकृत पकेट क्षेत्र (जस्तैः फलफूल, तरकारी, बाख्रापालन) घोषणा गरी व्यावसायिक उत्पादनलाई जोड दिइनेछ।
- कृषि बजार व्यवस्थापन: स्थानीय उत्पादनले उचित मूल्य पाओस् भन्नका लागि गाउँपालिका भित्र एक 'कृषि सङ्कलन तथा बिक्री केन्द्र' (हाटबजार) निर्माण गरिनेछ।
- बाँदर आतंक नियन्त्रण र वैकल्पिक खेती: बाँदर र बँदेलको आतंकले खेतबारी बाँझो राख्न बाध्य किसानहरूको आँसु पुछ्न, वन्यजन्तुले नखाने वैकल्पिक नगदे बाली (जस्तैः कागती, टिमुर, जडीबुटी, किवी) खेती गर्नेलाई विशेष आर्थिक प्याकेज दिइनेछ।
- कृषिको आधुनिकीकरण: सूर्यगढीवासीको मुख्य पेसा कृषि रहेको यथार्थलाई मनन गर्दै, निर्वाहमुखी कृषिलाई व्यावसायिक बनाउने प्रयास गरिएको छ। पकेट क्षेत्र निर्धारण, उन्नत बीउ-बिजन वितरण, कृषि औजारमा अनुदान र पशुपालन (बाख्रा, कुखुरा, गाईभैंसी) लाई प्रवर्द्धन गर्ने कार्यक्रमहरू निरन्तर सञ्चालनमा छन्।
- उद्यमशीलता र रोजगारी: लक्षित वर्ग (महिला, दलित, युवा) लाई सीपमूलक तालिम प्रदान गरी स्थानीय स्तरमै साना तथा घरेलु उद्योगमार्फत स्वरोजगार बनाउने नीतिले निरन्तरता पाएको छ।
- विगतका वर्षहरु देखि नै सुरु भएको दुध संकलन गर्दा किसानलाई दिइने प्रति लिटर रू. ५ को अनुदान कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइने छ।
- एक गाउँ एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिँदै कृषि सेवालाई थप जोड दिइनेछ।
- विगत वर्षहरुदेखि नै सञ्चालनमा रहेको धान, मकै, आलु, तथा अन्य विभिन्न किसिमका तरकारीहरुको विउ वितरण कार्यक्रमलाई थप सरल र व्यवस्थित गराउँदै लगिनेछ।

**पर्यटन प्रवर्द्धन:**

- सूर्यगढीको ऐतिहासिक महत्त्व बोकेका गढी र कोटहरूको संरक्षण गर्दै, आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन होमस्टे (घरवास) प्रवर्द्धन र स्थानीय कला-संस्कृतिको संरक्षणमा विशेष जोड दिइनेछ।

## सहकारी तथा गरिवी निवारण

- राष्ट्रिय रोजगार कार्यक्रमलाई गत वर्ष जस्तै साझेदारी गरी कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यक रकमको व्यवस्था गरिनेछ।
- आर्थिक स्तर कम्जोर भएका विपन्न परिवारहरुको अवश्थालाई मध्येनजर गरी आवास निर्माणको लागि बजेट बिनियोजन गरिनेछ ।

## सौर्य उर्जाः

- यस गाउँपालिकाको आन्तरिक आयको दायरा फराकिलो बनाउन र दिगो आर्थिक विकासका लागि सौर्य ऊर्जा उत्पादन तथा प्रवर्द्धनमा विशेष लगानी गरिनेछ। यसरी उत्पादित ऊर्जाको व्यवस्थापन र बिक्रीबाट प्राप्त हुने प्रतिफलले गाउँपालिकाको बार्षिक ४५ लाख बराबरको राजस्वको स्रोत हुनेगरी मजबुत बनाउन र स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन मद्दत पुर्‍याउनेछ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापनः "स्वच्छ वातावरण, सुरक्षित बस्ती"

- प्राकृतिक स्रोतको दिगो उपयोग र विपद् जोखिम न्यूनीकरणका लागि निम्न नीति लिइनेछः
- हरित सूर्यगढी अभियानः खाली तथा पर्ती जग्गाहरूमा फलफूल तथा जडीबुटीका बिरुवा रोप्ने र वन डढेलो नियन्त्रणका लागि समुदायमा आधारित सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक वन व्यवस्थापन गर्न वन उपभोक्ता समितिहरुलाई सक्रिय गराईनेछ।
- विपद् पूर्वतयारीः बाढी, पहिरो र आगलागी जस्ता विपद्बाट हुने क्षति न्यूनीकरणका लागि 'विपद् व्यवस्थापन कोष' लाई थप मजबुत बनाई खोज तथा उद्धार सामग्रीहरू तयारी अवस्थामा राखिनेछ।
- मुहान संरक्षण र फोहोर व्यवस्थापनः सुक्दै गएका खानेपानीका मुहानहरूको संरक्षण गर्न रिचार्ज पोखरी निर्माण गर्ने र गाउँपालिकालाई सफा राख्न कुहिने र नकुहिने फोहोर वर्गीकरणको नीति लागु गरिनेछ। कुहिने फोहोरबाट प्राङ्गारिक मल" बनाउने तालिम घर-घरमा दिइनेछ। सडक किनार र खाली सार्वजनिक जग्गामा फलफूल तथा बहुमूल्य काठका बिरुवा रोप्ने "एक घर, दुई बिरुवा" अभियानलाई अनिवार्य गरिनेछ।
- विपद्मा घरदैलोको सरकारः बाढी, पहिरो वा आगलागी पर्दा सबैभन्दा पहिला गाउँपालिकाको उद्धार टोली राहतसहित घटनास्थल पुग्ने संयन्त्र बनाइनेछ। जोखिमयुक्त बस्तीहरूमा बायो-

इन्जिनियरिङ (बाँस, अम्रिसो रोप्ने) र तटबन्ध निर्माण गरिनेछ। प्रत्येक वडामा 'द्रुत उद्धार टोली (RRT)' गठन गरी आवश्यक उद्धार सामग्रीको पूर्व व्यवस्थापन गरिनेछ।

## ५. सुशासन, संस्थागत विकास र सेवा प्रवाहः "पारदर्शी प्रशासन, नागरिकको सम्मान"

स्थानीय सरकारको अनुभूति जनतालाई दिलाउन सेवा प्रवाहलाई छिटो र पारदर्शी बनाइनेछः

- अघिल्लो आ.व. समेत हाल सम्मको सम्पूर्ण बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकता दिइनेछ।
- विद्युतीय सुशासन: गाउँपालिका र वडा कार्यालयका सेवाहरूलाई पूर्ण रूपमा डिजिटल बनाउँदै घटना दर्ता र राजस्व भुक्तानीलाई अनलाइन प्रणालीमा आबद्ध गरिनेछ।
- जनसहभागिता र पारदर्शिताः सम्पूर्ण विकास निर्माणका कार्यहरूको सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइलाई अनिवार्य गरिनेछ। विकास योजनाहरूमा स्थानीय उपभोक्ताहरूको प्रत्यक्ष सहभागिता सुनिश्चित गरिनेछ। "भ्रष्टाचारमा शून्य सहनशीलता" को नीति अवलम्बन गरिएको छ। बजेटको एक-एक पैसा जनताको रगत-पसिना हो। हरेक योजनाको निर्माण स्थलमा लागत र विवरणसहितको बोर्ड राखिनेछ। काम नराम्रो भएमा जनताले सीधै खबरदारी गर्न सक्ने गरी गुनासो सुनुवाइ केन्द्र स्थापना गरिनेछ।
- जनशक्ति व्यवस्थापन र क्षमता विकासः कर्मचारी र जनप्रतिनिधिहरूको कार्यक्षमता अभिवृद्धि गर्न नियमित तालिमको व्यवस्था गर्नुका साथै, सेवाग्राहीको गुनासो सुन्न 'हेलो गाउँपालिका' वा गुनासो पेटिकाको प्रभावकारी व्यवस्थापन गरिनेछ।
- मुस्कानसहितको छिटो सेवाः नागरिकहरू कार्यालयमा आउँदा उहाँहरूलाई शासकको रूपमा होइन, सेवकको रूपमा सम्मानजनक र छिटो-छरितो सेवा दिइनेछ। "आजको काम आजै, बिना झन्झट" भन्ने नीतिलाई कडाइका साथ लागू गरिनेछ। नागरिकहरू कार्यालयमा आउँदा सम्मानजनक व्यवहार गरिनेछ र अनलाइनमार्फत घरैबाट सेवा लिन सकिने प्रणालीको विकास गरिनेछ।

**उपस्थित समपुर्ण महानुभावहरुः**

माथि प्रस्तुत गरिएका आगामी आर्थिक वर्ष २०८३/८४ का यी नीति तथा कार्यक्रमहरू केवल कागजका दस्तावेज मात्र होइनन्, यी त आम सूर्यगढीवासीका आशा, भरोसा र समृद्धिका साझा सङ्कल्प हुन्। हामीले तय गरेका यी नीति र योजनाहरू जतिसुकै उत्कृष्ट भए तापनि, यसको सफल कार्यान्वयनबिना हाम्रो गन्तव्यमा पुग्न असम्भव छ। तसर्थ, नीति निर्माण जति महत्त्वपूर्ण छ, यसको इमानदार र पारदर्शी कार्यान्वयन अझ बढी चुनौतीपूर्ण र महत्त्वपूर्ण छ।

यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सङ्घीय सरकार, बागमती प्रदेश सरकार, सम्पूर्ण राजनैतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक वर्ग, नागरिक समाज, आमा समूह, युवा

क्लब, निजी तथा सहकारी क्षेत्र, सञ्चारकर्मी मित्रहरू र सम्पूर्ण आदरणीय सूर्यगढीवासी जनसमुदायबाट विगतमा जस्तै निरन्तर साथ, सहयोग र रचनात्मक खबरदारी प्राप्त हुनेछ भन्ने मैले पूर्ण विश्वास लिएको छु।

यस गरिमामय सभामा प्रस्तुत गरिएका यी नीति तथा कार्यक्रमहरू तर्जुमा गर्ने क्रममा महत्त्वपूर्ण सल्लाह तथा सुझाव दिनुहुने सम्पूर्ण आमाबुवा तथा दाजुभाइ दिदीबहिनीहरू, निरन्तर मार्गनिर्देशन गर्नुहुने आदरणीय गाउँ सभाका सदस्यज्यूहरू, राजनैतिक दलका प्रतिनिधिज्यूहरू र विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरूप्रति म हार्दिक आभार प्रकट गर्दछु। साथै, यस कार्यलाई अन्तिम रूप दिन अहोरात्र खट्नुहुने प्रमुख प्रशासकीय अधिकृतलगायत गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरूलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु।

अन्त्यमा, "स्वस्थ, शिक्षित, समृद्ध पर्यटकीय सूर्यगढी" को हाम्रो साझा सपनालाई यथार्थमा बदल्न हामी सबै आ-आफ्नो ठाउँबाट इमानदारीपूर्वक एकजुट भई अघि बढ्न सकौं भन्ने शुभकामना व्यक्त गर्दै, आगामी आर्थिक वर्ष २०८३/८४ को यो नीति तथा कार्यक्रम सर्वसम्मत रूपमा पारित गरिदिनुहुन यस गरिमामय गाउँ सभासमक्ष हार्दिक प्रस्ताव गर्दछु।

# धन्यवाद !!!